नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
संखुवासभा

## मिति २०८२/०२/०७ गते बसेको जिल्ला विपद् व्यवस्थापन समितिको बैठकको निर्णय

**१. मनसुन पूर्व तयारी तथा प्रतिकार्य योजना २०८२ स्वीकृत सम्बन्धमा।**

जेठको अन्तिम साताबाट मनसुन शुरु हुने र हाल प्रि-मनसुनका भइरहेकोमा सोका कारण बाढी पहिरो जान सक्ने हुँदा सो को रोकथाम तथा प्रतिकार्यका लागि यथा समयमै योजना बनाइ प्रतिकार्यका लागि तैयारी रहनु पर्ने हुँदा मनसुन पूर्व तयारी तथा प्रतिकार्य योजनामा क्षेत्रगत आधारमा जिम्मेबारी तोकिएको यसै साथ संलग्न पाना ५(पाँच) को मनसुन पूर्वतयारी कार्यायोजना २०८२ स्वीकृत गरियो।

**२. सभाखोला पुलको संरक्षणको लागि किनाराको बालुवा हटाउने ।**

खाँदबारी नगरपालिका कार्यालयको च.नं. २०२८, मिति २०८१/१२/२२ को पत्रसाथ संलग्न २०८१/१२/२१ को कार्यपालिका बैठकबाट खाँदबारी नगरपालिका वडा नं. ९ स्थित उत्तर दक्षिण कोशी सडकको सभाखोलामा रहेको पक्की पुलमुनी गत बर्षातको समयमा आएको बाढीले ढुङ्गा, वालुवा थुपारी खोलाको वहाव भई पक्की पुलको दक्षिणपट्टीको भू-भागमा कटान गरेको कारण उक्त पुल जोखिममा रहेको र उक्त पुलमुनीको ५०० मिटर दाँयाबाँया नदीजन्य पदार्थ उत्खनन् गर्न स्थानीय तहमार्फत नियमानुसार नमिल्ने भएको कारण IEE प्रतिवेदनमा समेत उल्लेख नभएकोले उत्खनन् गर्न नसकिएको साथै तत्काल उक्त सामाग्री नहटाएमा यस पटकको वर्षायाममा पुलमा थप क्षति हुनसक्ने भनि निर्णय भई आएको । मिति २०८०/०३/०२ गते यस जिल्लाको हेवाखोला, पिलुवा खोला र सभाखोला लगायतमा बाढी आई ठूलो मात्रामा जनधनको क्षति भएको। सोहि बाढीले खाँदबारी नगरपालिका वडा नं. ९ र चैनपुर नगरपालिका वडा नं. १० जोड्ने सभाखोला पुल मुनी बालुवा थुप्रिई पक्की पुललाई क्षति पुऱ्याउन आंटेकोमा मिति २०८०/०३/०४ को बैठकबाट खाँदबारी नगरपालिका र डिभिजन सडक कार्यालयले समन्वयात्मक रुपमा उक्त बालुवा हटाउने निर्णय भएकोमा केही बालुवा हटाइएको तर खाँदबारी नगरपालिका वडा नं. ९ तर्फको किनारामा अझै पनि बालुवा थुप्रिएको र सो बालुवा नहटाउदाँ जुनसुकै बखत पुलमा बाढीको दवावले जोखीम रहेको हुँदा पूर्व निर्णय मुताविक खाँदबारी नगरपालिका र डिभिजन सडक कार्यालयले समन्वय गरी आवश्यक प्रकृया पुरा गरी उक्त बालुवा हटाउने। चैनपुर ११ तर्फ रहेको पुलको जग तर्फमा पानीको बहाव ठोक्कीन गई जोखीम हुन सक्ने हुँदा सिँचाइ विकास डिभिजन र डिभिजन सडक कार्यालयले तत्काल संरक्षणको कार्य अघि बढाउने।

**३. तुम्लिङटार विमान स्थलमा हवाई इन्धन डीपो स्थापना सम्बन्धमा।**

हाल तुम्लिङटार विमान स्थलमा बुद्ध एयरको दैनिक एक उडान रहेको छ भने विपद् लगायतका कार्यहरुमा हेलिकप्टरको प्रयोग हुँदै आएको छ। विपद्को कार्यमा तुम्लिङटार विमान स्थलमा ईन्धन भर्ने सुविधा नहुँदा काठमाण्डौंबाट हेलिकप्टर मगाउनु पर्ने र कतिपय अवस्थामा मौसमको कारण काठमाण्डौंबाट हेलिकप्टर आउन नसक्दा बिरामी /सुत्केरीको ज्यानै जाने अवस्था रहेको छ। तुम्लिङटारमा ईन्धन भर्ने सुविधा हुँदा

कतिपय हेलिकप्टरको वेस नै तुम्लिङटार रहन सक्ने एवं यस क्षेत्रलाई आधार मानी पर्यटक उद्दार, विरामी उद्दार, प्रकोप पिडित एवं राहत उद्दार लगायतका कार्यको लागि हेलिकेप्टरको नियमित उडानसञ्चालन हुने भई संखुवासभा, तेह्रथुम, धनकुटा, ताप्लेजुङ, भोजपुर जिल्लाका जनतालाई प्रत्यक्ष लाभ हुनेहुँदा तुम्लिङटार विमानस्थलमा हवाई इन्धन डिपो(Refueling Station) स्थापना गरिदिन नेपाल आयल निगम केन्द्रिय कार्यालय, NDRRMA, उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय र पर्यटन तथा नागरिक उड्यन मन्त्रालयलाई अनुरोध गर्ने ।

**४. चट्याङ्गबाट भएको पशुधन क्षति सम्बन्धमा ।**

यहि मिति २०८२ बैशाख महिनामा जिल्लाका विभिन्न स्थानहरुमा चट्याङ्गका कारण मिति२०८२/०१/१४ मा मकालु -३ बस्ने पुष्पलालभण्डारी र प्रेम प्रसाद भण्डारीका चरी रहेका १७ वटा भैंसी मरेका छन् भने सो बाहेक सिलिचोङ्ग गाउँपालिका वडा नं.५र पाँचखपन नगरपालिका वडा नं. १ मा समेत चट्याङ्गका कारण पशुधन (गोरु) मरेको जानकारी प्राप्त भएको छ । उल्लेखित किसानहरुको पशुधन क्षति भएको हुँदा भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले यस वर्षको चैत्र-वैशाख महिनामा चट्याङ्गबाट भएको पशुधनको क्षतिको विवरण सात (७) दिन भित्र संकलन गरी राहत सुविधाको लागि कृषि, उद्योग तथा सहकारी मन्त्रालयमा शिघ्र प्रकृया बढाउने ।

**५. माननीय गृह मन्त्रीज्युको संयोजकत्वमा वसेको विषयगत समितिको निर्णयको जानकारी गराउने ।**

मिति २०८१/१२/८ गते भएको संघ, प्रदेश र स्थानीय तह (समन्वय तथ अन्तर सम्बन्ध) ऐन,२०७७ को दफा २२ अनुसार माननीय गृहमन्त्रीज्यूको संयोजकत्वमा बसेको विषयगत समितिको विपद् व्यवस्थापन सम्बन्धी विषयगत समितिको बैठकको निर्णय जानकारी गरियो । उक्त नियमहरु प्रभावकारी कार्यान्वयन गर्ने गराउने ।

**६. नेपाली सेनाको हातामा रहेको जग्गा विपद् व्यवस्थापनमा आवश्यक रहे/नरहेको सम्वन्धमा ।**

नेपाली सेनाको हाताभित्र अन्य सरकारी कार्यालयहरु- जिल्ला कृषि विकास कार्यालय, नेपाल विद्युत प्राधिकरण र जिल्ला वन कार्यालयको नामका केही जग्गा रहेकोमा उक्त जग्गाहरु नेपाली सेनाको नाममा ल्याउन प्रकृया बढी रहेकोमा सो क्रममा विपद् व्यवस्थापनको लागि उक्त जग्गा आवश्यक रहेनरहेको खुलाउनु पर्ने हुँदा सिफारीस गरिदिन भनी ईन्द्रदल गुल्मको मिति २०८२/०१/२६ को पत्रबाट अनुरोध भई आएको ।खाँदबारी नगरपालिका ७ वेलफेयर छेउको खाँदबारी नगरपालिकाको खेल मैदान नजिकै रहेको र सो क्षेत्र विपद्को लागि खुल्ला स्थान रहेकोलेनेपाली सेनाको हाताभित्र छरिएर रहेको उक्त अन्य सरकारी कार्यालयका जग्गाहरु विपद् व्यवस्थापनको लागि तथा खुल्ला क्षेत्रको लागि आवश्यक नरहेको हुँदा सोही व्यहोरा सिफारीस गर्ने ।

## ७. निजी आवास प्रवलीकरण, पूननिर्माण तथा पुनर्स्थापनाको अनुदान रकम निकासा सम्बन्धमा ।

क. सिलिचोङ्ग १ वेसिन्दाका ५५ घर परिवार खाँदबारी नगरपालिका वडा नं. ७ मा पुनर्स्थापित भई मनसुनजन्य विपद् प्रभावित निजी आवास पूनर्निर्माण तथा पुनर्स्थापना अनुदान कार्यविधि २०७७ अनुसार संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहको लागत साझेदारीमा प्रथम किस्ता वापत अनुदान रकम भुक्तानी भइसकेको । फ्लीन्थ लेभलसम्म ५५ वटै घर निर्माण भएको भनी खाँदबारी नगरपालिकाबाट सिफारीस भई दोस्रो किस्ता वापत स्थानीय तह र प्रदेश सरकारको अनुदान उपलब्ध गराएको तर संघीय सरकारको दोस्रो किस्ता प्राप्त नभएको हुँदा सो निकासा तत्काल हुन नसकेको । यसै क्रममा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको मिति २०८२/०१/११ च.नं १५६८ को पत्रबाट उक्त ५५ परिवारको लागि दोस्रो किस्ता वापत जम्मा२,५०,०००x५५%x५५= ७५,६२,५००।- निकासा भई प्रति घरपरिवार रु१,३७,५००।- का दरले जम्मा ५५ परिवारको रु ७५,६२,५००।- निकासा प्राप्त भएको र खाँदबारी नगरपालिका ७ नं.वडा कार्यालयबाट समेत भवन निर्माणमा अनुगमन भइरहेको भनी खुली आएको हुँदा यसै साथ संलग्न ५५ परिवारको संघ तर्फको दोस्रो किस्ता वापतको रकम रु ७५,६२,५००।- सम्बन्धित ५५ लाभग्राहीको बैक खातामा कार्यविधिको दफा ६(ख) २ बमोजिम उक्त अनुदान रकमभुक्तानी दिने ।

ख. अस्थायी आवास वापतको प्रथम किस्ता रकम भुक्तानी

सभापोखरी गाउँपालिका वडा नं. ६ स्थित निम्न व्यक्तिहरुको घर २०८१माघ २ गते आगालागी भई क्षति भएको । उक्त घर परिवारले अस्थायी आश्रय (टहरा) निर्माणको लागि सम्बन्धित पालिकासँग सम्झौता भइसकेको हुँदा निकासा उपलब्ध गराइदिन भनी सभापोखरी गाउँपालिकाको च.नं. १६८९ मिति २०८२/१/१७ को पत्रबाट अनुरोध भई आएको हुँदा उक्त ४ परिवारलाई अस्थायी आश्रय वापतको पहिलो किस्ता वापत रु. २५,०००।– का दरले "विपदबाट प्रभावित घर परिवारलाई अस्थायी आवास निर्माण अनुदान मापदण्ड २०८१" को दफा ३ बमोजिम पालिकाबाट लाभग्राही कायम भई संझौता समेत भइसकेको र NDRRMA को सफ्टवेयर प्रणालीमा ईन्ट्री समेत गरी सकेको हुँदा उक्त मापदण्डको दफा ४ बमोजिम प्रतिवरिवार रु २५,०००।– का दरले प्रथम किस्ता वापतको रकम दफा ५(२) बमोजिम सम्बन्धित लाभग्राहीको खातामा जम्मा गर्ने गरी सभापोखरी गाउँपालिकाको बैंक खातामा जिल्ला प्रशासन कार्यालयबाट उपलब्ध गराउने ।

**तपसिलः**

१. अमृता लिम्बु
२. उर्मिला लिम्बु
३. निर्मला कालाखेती(तामाङ)

ग. मनसुनजन्य विपद् प्रभावित निजी आवास पूनःनिर्माण तथा पुनर्स्थापना अनुदान कार्यविधि २०७७ बमोजिम चिचिला गाउँपालिकाका देहायका लाभग्राहीको अनुदानका लागि प्रकृया अघि बढाएकोमा राष्ट्रिय विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण (NDRRMA) को च.नं. ७६२ मित २०८१/९/१ को पत्रबाट निम्न व्यक्तिहरुको लागि दोस्रो किस्ता वापत (५०,०००x६०%x८=२,४०,०००) २,४०,००० र अस्थायी आश्रयको पहिलो किस्ता वापत (२५,०००x६०%x८=१२०,०००) १२०,०००।– गरी ३,६०,०००।- निकासा भई आएको हुँदा पालिकाले जम्मा गरेको रकम र संघ सरकारबाट प्राप्त भएको रकमबाट पुर्ननिर्माणको पहिलो किस्ता र अस्थायी आश्रय वापतको पहिलो किस्ता समेत ८ परिवारलाई उपलब्ध गराउने र प्रदेश सरकारसँग ८ परिवारको लागि पुनर्निर्माणको प्रथम किस्ता तथा अस्थायी आश्रय वापतको प्रथम किस्ताको हुन आउने रकम माग गर्ने।

तपसिलः

१. शुवर्ण माया राई
२. रत्न माया गुरुङ्
३. गोपि माया गुरुङ
४. डम्बर बहादुर राई
५. गौवा माया राई
६. इन्द्र बहादुर गुरुङ
७. सिता राई
८. रुद्र बहादुर दर्जी

घ. "आगालागीजन्य विपद् प्रभावित निजी आवास पूनःनिर्माण तथा पुनर्स्थापना अनुदान कार्यविधि २०७८" बमोजिम सिलिचोङ्ग गाउँपालिकाका देहायका लाभग्राहीको अनुदान प्रकृया अघि बढाएकोमा राष्ट्रिय विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण (NDRRMA) को च.नं. ७६२ मिति २०८१/९/१ को पत्रबाट निम्न व्यक्तिहरुको लागि पहिलो किस्ता वापत (५०,०००x६०%x३=९०,०००) ९०,००० र अस्थायी आश्रयको पहिलो किस्ता वापत (२५,०००x६०%x३=४५,०००) ४५,०००।– गरी १,३५,०००।- निकास भई आएको हुँदा पालिकाले जम्मा गरेको रकम र संघ सरकारबाट प्राप्त भएको रकमबाट पुर्ननिर्माणको पहिलो किस्ता र अस्थायी आश्रय वापतको पहिलो किस्ता समेत ३ परिवारलाई अनुदान उपलब्ध गराउने र प्रदेश सरकारसँग ३ जनाको लागि पुनर्निर्माणको प्रथम किस्ता तथा अस्थायी आश्रय वापतको प्रथम किस्ताको हुन आउने रकम माग गर्ने।

तपसिलः

१. राम विक राई - सिलिचोङ गा.पा

२. राज मेवाहाङ - सिलिचोङ गा.पा

३. जंग बहादुर राई - सिलिचोङ गा.पा

ङ. निजी आवास पूनर्निर्माण अनुदान कार्यविधि बमोजिम सिलिचोङ्ग १ चित्रेमा पुनर्स्थापना हुने क्रममा २५ परिवारको प्रथम किस्ता वापत ५०,०००।– र अस्थायी आश्रय वापतप्रथम किस्ता २५, ०००।– गरी रु ७५,०००।– का दरले २५ परिवारलाई उपलब्ध गराइ सकिएको छ । सिलिचोङ्ग गाउँपालिका विपद् व्यवस्थापन समितिको मिति २०८२/२/ ४ को निर्णयबाट उक्त २५ परिवारको प्लीन्थ लेभलसम्म आवास निर्माण सम्पन्न भएको हुँदा दोस्रो किस्ताको लागि अनुरोध भई आएको र सो सन्दर्भमा NDRRMAको सफ्टवेयरं प्रणालीमा समेत उक्त २५ घरको प्रगति विवरण प्रविष्टी भइसकेको हुँदा दोस्रो किस्ताको लागि NDRRMA र प्रदेश सरकारसँग रकम माग गर्ने।

**८. विपद् पश्चातको खोज उद्दारका सामाग्री प्रदेश सरकारसँग माग गर्ने।**

खास गरी विपद्को समयमा खोज तथ उद्दार गर्न आवश्यक सामाग्रीहरु मध्ये निम्न सामाग्रीहरु अति उपयोगी एवं आवश्यक देखिएको तर जिल्लामा उपलब्ध नभएको हुँदा आन्तरिक मामीला तथा कानून मन्त्रालय कोशी प्रदेश विराटनगरमा अनुरोध गर्ने।

क. वाटर बोट-३

ख. लामो भऱ्याङ्ग-२

ग. फायर सुईट-१ दर्जन

घ. ढलान कटर-२ वटा

ङ. Pully-13 pcs

च. Hammer-5 pcs

छ. Truist Lock Caration-15 pcs

ज. Iommer-2 pcs

झ. Grigi-1 pcs

ञ. Gloves-5 pairo

ट. Decendes-5 pcs

**९. खोज उद्दारका सामाग्री उपलब्ध गराउने ।**

डिभिजन वन कार्यालय एवं कतिपय स्थानीय तहबाट विपद्को खोज तथा उद्दारका लागि आवश्यक पर्ने स-साना सामाग्रीहरु कुटे, कोदालो, झम्पल, गैंती लगायतका उपकरणहरु नजिकको प्रहरी इकाईलाई उपलब्ध गराउने गरिएकोमा यसलाई निरन्तरता दिन अनुरोध गर्ने ।

**१०.विषयगत कार्यालयहरुलाई पूर्व तयारीको जिम्मेवारी तोक्ने ।**

यस वर्षको मनसुनजन्य विपबाट जोगीन, क्षतिलाई कम गर्न र क्षति भएमा तत्काल खोज उद्दार, राहत, प्रतिकार्य एवं पुननिर्माण तथा पुनर्स्थापनको लागि निम्नानुसार निकायले निम्नानुसार तयारी अवस्थामा रहने । निम्नः

सबै पालिकाहरुः- दमकल (खाँदबारी नगरपालिकाले) र एम्बुलेन्स तयारी अवस्थामा राख्ने र निजी क्षेत्रको एक्साभेटर, लोडर, टीपर, भारी उपकरणको तथ्याङ्क लिई सम्पर्कमा राख्ने ।

स्वास्थ्य कर्मी र औषधीको व्यवस्था,त्रिपाल, तारजाली, खानेपानी तथा सिंचाई पाइप

उद्योग बाणिज्य संघः- खाद्य सामाग्रीको जगेडा र उपलब्धता ।

नेपाल रेडक्रस सोसाइटीः- गैह्र खाद्य सामाग्री (कम्तीमा ३०० परिवार) को मौज्दात

स्वास्थ्य कार्यालयः- औषधी उपकरण तयारी अवस्थामा राख्ने ।

जिल्ला अस्पतालः- औषधी उपकरण तथा स्वास्थ्यकर्मी तैनाथी अवस्थामा राख्ने ।

डिभिजन सिंचाई कार्यालयः- तारजाली, सिंचाई पाइप जगेडा ।

पूर्वाधार विकास कार्यालयः- तारजाली

खानेपानी डिभिजन कार्यालयः- खानेपानी पाइप जगेडा ।

सडक सम्बद्ध कार्यालयः- सडक सञ्चालन तथा मर्मत, विद्युत आपूर्ति, मर्मत

नेपाल विद्युत प्राधिकरण -विद्युत नियमित आपुर्ति/मर्मत

खाद्य संस्थानः- कम्तीमा ३०० क्वी. चामल मौज्दात ।

साल्ट ट्रेडिङ्ग कर्पोरेसन डिपो कार्यालयः- २०० क्वी. आयोडिनयुक्त खाने नून

टेलीकमः- नियमित टेलीफोन सेवा सञ्चालन, मर्मत

खानेपानी उपभोक्ता समितिः- नियमित खानेपानी वितरण, समयमै मर्मत संभार

सुरक्षा निकायहरुः- खोज तथा उद्दारमा तैयारी

राजनीतिक दल,सामाजिक संघसंस्थाः- सूचना, समन्वय, सहयोग, उपलब्ध श्रोत सामाग्री जनशक्तिको समन्वय गर्ने

पत्रकारः- प्रचार-प्रसार तथा सूचना संप्रेषण

**११.चट्याङ्गवाट वचावटको लागि Lightening Arester(विजुली अपसारण यन्त्र) प्रयोग गर्ने सम्बन्धमा।**

Lightening Arrester :- मादि नगरपालिकाले चट्याङ्गबाट हुने क्षतिलाई न्यूनिकरण गर्न चट्याङ सम्बेदनशिल स्थानहरुमा जडान गरेको lighting Arrouter(विजुली अपसारण यन्त्र) लाई त्यसको प्रभावकारीताको अनुमान लिई अन्य पालिकाहरुले समेत अनुसरण गर्न अनुरोध गर्ने।

**१२. पेट्रोलियम पदार्थ विक्रि वितरण गर्ने सम्बन्धमा।**

अत्याधिक संवेदनशिल पेट्रोलियम पदार्थ ग्यास, पेट्रोल, डिजेलको विक्रि वितरण गलत रुपमा गर्दा जनधनको क्षति हुने भएकाले नेपाल आयल निगमबाट निर्धारण भएको स्थान एवं सुरक्षा प्रवन्ध भएका स्थानबाट मात्र गर्ने गरी प्रबन्ध गराउन उद्योग बाणिज्य संघले आफ्ना सदस्यहरुलाई अनुरोध गर्ने। यस कार्यको अनुगमन जिल्ला प्रशासन कार्यालयको नेतृत्वमा घरेलु तथा साना उद्योग कार्यालय संखुवासभाले समेत समय समयमा गर्ने। पालिकाहरुले समेत आ-आफ्नो पालिकामा अनुगमन गर्ने।

**१३. राहत वितरण सम्वन्धमा :**

मिति २०८०/०३/०२ गते हेवाखोला, पिलुवा तथा सभाखोलामा आएको वाढीले २३ जना वगाएकोमा हाल सम्म १९ जना वेपत्ता रहेका। उक्त वेपत्ता व्यक्तिका नजिकका कानूनी हकदारलाई मृतक सरह राहत सुविधा दिने निर्णय भइ राहत रकम समेत निकासा भइ आएको। सम्वन्धित जिल्ला प्रशासन तथा पालिकाहरुलाई आवश्यक कागजात सहित नजिकको हकदार किटान गरी पठाइदिन अनुरोध गरिएकोमा देहायका मृतकको हकदारको आवश्यक कागजात प्राप्त भएको हुँदा मापदण्ड वमोजिम प्रतिव्यक्ति रु २,००,०००। दुइ लाख का दरले राहत रकम उपलव्ध गराउने।

| क्र.स | मृतकको नाम/ ठेगाना | नजिकको हकदारको नाम | मृतकसँगको नाता | कै |
|---|---|---|---|---|
| १ | भुवन सिं तामाङ<br>पाँचखपन न.पा-७, संखुवासभा | सन्दिया तामाङ | श्रीमति | |
| २ | गणेश वहादुर राई<br>सभापोखरी गा.पा -३, संखुवासभा | अजित राई | छोरा | |
| ३ | सञ्चमाया राई<br>सभापोखरी गा.पा -३, संखुवासभा | अजित राई | छोरा | |
| ४ | राहुल थारु<br>वारवर्दिया न.पा ८ | पार्वती थारु | आमा | |
| ५ | रोहित थारु | पार्वती थारु | आमा | |

| | | | | |
|---|---|---|---|---|
| | वारवर्दिया न.पा ८ | | | |
| ६ | गुलसन थारु<br>वारवर्दिया न.पा ७ | महारानी थारु | आमा | |

**१४.ऐन, नियम, निर्देशिका सम्वन्धमा :**

विपद् व्यवस्थापन सम्वन्धि ऐन, नियामावली, राहत कोष, मापदण्ड, पालिकागत विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना,LEDC, लगायत निर्माण /गठन गर्न वाँकी रहेको भए शिघ्र निर्माण /गठनकी लागि अनुरोध गर्ने ।